# कर्मचारी सञ्चय कोष

## शाखा कार्यालय

धनगढी, कैलाली

## घर भाडामा लिने सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति :२०७३/०७/२५)

कर्मचारी सञ्चय कोष, शाखा कार्यालय, धनगढीको कार्यालय सञ्चालनका लागि तपसिलमा उल्लेख भए बमोजिमको घर भाडामा लिनुपर्ने भएकाले इच्छुक घरधनीहरुबाट शिलबन्दी निवेदन आह्वान गरिएको छ । शिलबन्दी निवेदनकासाथ नागरिकता, घर जग्गाको स्वामित्व भएको प्रमाण पुर्जा, घरको क्षेत्रफल खुल्ने नक्सा, घरको फोटो, घरजग्गा कर तथा मालपोत तिरेको रसीदका प्रतिलिपीहरु साथै कुनै विवादमा नपरेको र हाल कुनै संस्था वा व्यक्तिलाई भाडामा नदिइएको सम्बन्धी स्व-घोषणापत्र समेत संलग्न राखी कबोल गर्ने घरभाडा प्रस्ट रुपमा उल्लेख गरी सो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गुर्नहुन जानकारी गराइन्छ ।

**तपशिल :**

१. धनगढी चौराह चोक देखि पुर्वमा एल.एन.चोक सम्म वा धनगढी चौराह चोक देखि उत्तरमा चटकपुर सम्मको मुख्य सडकमा वा ती मुख्य सडकबाट दायाँ बाया करिब २०० मिटर सम्मको क्षेत्रका पिलरवाला घर हुनुपर्ने । घरसम्म पुग्ने मोटरबाटो भएको ।

२. घरको क्षेत्रफल ३५०० देखि ४००० वर्गफीट वा सोभन्दा बढी र कोठा सँख्या कम्तीमा १६ वटा भएको ।

३. ६० जनाभन्दा बढी सञ्चयकर्तालाई सेवा प्रदान गर्न सहज हुने किसिमको काउण्टरका लागि उपयुक्त कम्तीमा एक कोठा भएको ।

४. खानेपानी, धारा र रिजर्भ टयांकीको सुविधा भएको र  ढलको उचित प्रबन्ध भएको ।

५. विद्युत (जडित क्षमता न्यूनतम ३२ एम्पीयर), टेलिफोनको सुविधा भएको, कम्तीमा ३० वटा मोटरसाइकल, २ वटा कार पार्किङ गर्न सकिने खुला क्षेत्र रहेको र कम्पाउडवाल गेट रहेको ।

६. घर कम्पाउण्डमा सुरक्षाकर्मीको लागि उपयुक्त कोठा व्यवस्था भएको ।

७. कम्तीमा दुई एटेच टवाइलेट, बाथरुम र सेवाग्राहीका लागि घर वा कम्पाउडमा कम्तीमा एक सुविधासम्पन्न टवाइलेट रहेको ।

८. घर भाडाको निर्धारण नियमानुसार गठित समितिले गरे बमोजिम हुने ।

९. घर भाडामा नियमानुसार करकट्टी गरी आवधिक रुपमा (मासिक वा चौमासिक) भुक्तानी हुने वा आपसी सम्झौतानुसार तय हुने ।

१०. अन्य

(क) दराखास्त पेश गर्ने तरिका : कोषको शाखा कार्यालय, धनगढीमा सिधै शिलबन्दी दरखास्त दर्ता गर्नु पर्ने ।

(ख) दरखास्त पेश गर्ने अन्तिम मिति/समय २०७३, मार्ग ९, बृहस्पतिबार ; कार्यालय समय भित्र (कुनै कारणवश सो दिन विदा परेमा विदा बाहेकको कार्यालय खुलेको दिन) ।

(ग) घरभाडामा लिने/नलिने सम्पूर्ण अधिकार कोषमा निहित हुनेछ ।

(घ) दरखास्त पेश गर्दा खामको पछाडि नामथर, ठेगाना, सम्पर्क नम्बर सहित “घरभाडामा दिने प्रस्ताव” भनी उल्लेख गर्नुपर्दछ ।

(ङ) सूचनासम्बन्धी र अन्य विषयहरु बुझ्नुपरेमा शाखा कार्यालय, धनगढीमा सम्पर्क गर्नुहुन ।

(च) यो सूचना कोषको शाखा कार्यालय धनगढीको सूचनापाटीमा टाँस गरिएको छ र यसलाई कोषको वेवसाइट www.epfnepal.com.np मा पनि हेर्न सकिनेछ ।

कर्मचारी सञ्चय कोष
शाखा कार्यालय
धनगढी कैलाली
फोन नं. : ०९१-५२५६०८